**पञ्चपुरी नगरपालिकाको नवौं नगर सभामा प्रस्तुत आ.व. ०७८/०७९ को लागि बजेट तथा कार्यक्रम**

**आदरणीय सभाध्यक्ष महोदय,**

विश्व नै कोरोनाको पहिलो भेरीएन्टबाट उम्कन नपाउँदै दोस्रो भेरीएन्टको संक्रमणले थला परि रहँदा नेपाल पनि अछुतो रहन नसकेको कुरा सर्व विदितै छ ।यस परिपेक्ष्यमा कर्णाली प्रदेश, सुर्खेत जिल्लास्थित पञ्चपुरी नगरपालिकाको समग्र विकास र समृद्धि संग निकट सम्बन्ध राख्ने यस पञ्चपुरी नगरपालिकाको नवौं नगरसभाको गरिमामय घडीमा यस सभामा आगामी आ.ब को लागि कार्यन्वयन गरिने बजेट तथा कार्यक्रम छलफलमा उपस्थित हुनु हुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, विषयगत शाखाका प्रमुखहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु ।

विकासको प्रचुर सम्भावना बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय नगरीको रुपमा चिनाउन सकिने यस पञ्चपुरी नगरपालिकाको समग्र विकासको लागि आगामी आ.व. ०७८/०७९ को बजेट तथा कार्यक्रम यस गरिमामय नवौं सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित/गर्वित महशुस गरेको छु ।

यस शुभ अवसरमा आफ्नो अमूल्य जीवनलाई प्रवाह नगरी समग्र मुलुक र जनताको हीतमा जीवन आहुती गर्नु हुने ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । यस नगरको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा समेत गर्न चाहन्छु । श्रद्धेय अग्रजहरु, विद्धान वर्ग, राजनीतिक दल, न्याय प्रेमी जनसमुदायले गरेको सहयोग र योगदानको हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

यस पञ्चपुरी नगरपालिका भूगोल, जनसंख्या, ऐतिहासिक, धार्मिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरुले भरिपूर्ण र शहरीकरणको सम्भावना बोकेको नगरपालिका रहेको छ । स्थानीय सरकारको रुपमा नगरपालिकाले नगरबासीहरुको भावना, आवश्यकता महशुस गरी क्रियाशिल हुनुपर्ने आजको परिप्रेक्षमा पक्कै पनि हामी निर्वाचित जनप्रतिनिधि प्रति आशातित आम सरोकारका

विषयहरुलाई सम्बोधन गर्ने र नगरपालिकाको समृद्धि र नगरवासीको हितको लागि सहमति र सहकार्यको अभ्यास गरिरहेका छौं ।

**"कृषि,पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारः सुन्दर पञ्चपुरी सम्बृद्धिको आधार"** भन्ने सोचलाई आत्मसाथ गर्दै नगरको सर्वाङ्गिण विकासमा हामी सबै एकजुट भएर लाग्नु जरुरी छ ।

लामो समय पछि निर्वाचित जनप्रतिनिधिको चौथो बर्षको कार्यकाल पार गरी पाँचौ बर्षमा प्रवेश गर्दैगर्दा ठूलो भौगोलिक क्षेत्रफल, जनताको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा, स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारीको तुलनामा उपलब्ध स्रोत र साधनको सीमितताका बाबजुत बस्ती तथा टोल,भेला, वडा समिति, कार्यपालिका बैठकमा छलफल गरी सबै क्षेत्र वर्गमा विनियोजन गर्ने प्रयास गरिएको छ । भौगोलिक हिसावले यो नगरपालिका सुर्खेत जिल्लाका नगरपालिकाहरु मध्ये सबैभन्दा ठूलो र स्थानीय तह मध्येको तेस्रो ठूलो स्थानीय तह रहेको छ यसको अधिकांश क्षेत्र ग्रामिण प्रकृतिको रहेकोले सीमित साधन स्रोत र असिमित जन आकांक्षा तथा आवश्यकता वीच तालमेल कायम गरी विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता वीच न्यायोचित रुपमा पुऱ्याउदै आइएको छ ।

स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा प्रशासनिक तथा विकास निर्माणका कार्यहरु अगाडि बढाउनु पर्ने अवस्था छ । यसलाई थप सशक्त बनाउन सीमित जनशक्ति, स्रोत, साधनको उच्चतम सदुपयोग गर्दै नगर-बासिलाई सेवा प्रवाह, सुशासन र नगरमा शहरी पूर्वाधार विकासका कार्यक्रमहरु अगाडि बढाँउदै लगिएको छ । मदन- भण्डारी राजमार्ग, चिसापानी(कैलाली)-बाबियाचौर-जंगलाघाट-अछाम जोड्ने सडक, कल्यानकाँध-भक्तडी-धनरास सडक, छिन्चु-लेखपराजुल-हरिहरपुर-तरंगा-तातापानी-कैलाली भेरी करिडोर सडक यसै नगरपालिको क्षेत्र भएर जाने भएको हुँदा नगरमा सडक पूर्वाधारकार्यान्वयन गर्न सहज हुने देखिन्छ ।धेरै संख्यामा ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु यस नगरपालिका भित्र हुनु हाम्रो नगरको बिकास तथा समृद्धिको लागि थप अवसर समेत हो ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**नगरपालिकाको विद्यमान अवस्था यस प्रकार रहेको छ।**

**विद्यमान अवस्थाः**

- नगरको समग्र विकासको लागि दिर्घकालिन तथा आवधिक योजनाको अभाव रहेको ।
- आन्तरिक राजश्व वृद्धिको लागि दर र दायरामा समय सापेक्ष परिवर्तनको अभाव रहेको ।
- नगरबाट प्रदान गरिने सेवा प्रबाहामा उत्पन्न जटिल्तालाई सरलिकरण गर्न थप नीतिगत र कानूनी व्यवस्था गर्नु पर्ने अवस्था रहेको ।
- पर्यटन, कृषी, पुर्वाधार क्षेत्रको सुदृढ विकासका लागि थप सम्भाव्यता अध्ययनको अभाव रहेको ।
- २०७५ श्रावण १ देखि नगरको रावश्व उपशाखाबाट एकीकृत सम्पत्तिकर प्रणालीको कार्यान्वयन भई आएकोमा आ.ब. ०७७/०७८ देखि ११ वटै वडामा विस्तार गरि निरन्तरता पाईरहेको ।
- नगरपालिकालाई संविधानतः तोकिएको अधिकार क्षेत्र र जिम्मेवारीको आधारमा सिमित जनशक्तिबाट सेवा प्रवाह, विकास निर्माणका कार्यहरु सम्पादन गर्नुपर्ने अवस्था रहेको।
- नगरको क्षेत्र भित्र अधिकांश रुपमा बस्तीमा बस्ने व्यक्तिहरुको भु-स्वामित्व नभएको र स्वामित्व भएकाहरुलाई पनि करको दायरामा ल्याउन कठीनाई रहेको ।
- नगरका सबै वडा सहज यातायात सञ्जालले जोड्न नसकिएको ।
- कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर जोड्ने बड्डीचौर-वेनिघाट-दिपायल सडक कालो पत्रे हुन नसकेको ।
- स्थानीय स्तरमा साना लघु जलविद्युत उत्पादन भई थोरै जनता लाभान्वित रहेता पनि यस क्षेत्रमा केन्द्रीय विद्युत लाईन विस्तार हालसम्म नभएको ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माण पुर्णताको क्रममा रहेको तथा निर्माण सम्पन्न भईसकेका सबै वडा कार्यालयबाट सेवा प्रबाह भइरहेको ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षा हासिल गर्न अन्यत्र जानुपर्ने अवस्था रहेको ।
- नगरको अधिकांस कृषि प्रणाली निर्वाह मुखि भएकोमा व्यवसायीकरण गर्न नसकिएको ।

**आदरणीय सभाध्यक्ष महोदय,**

हामी सबै नगरबासीहरुले समुन्नत नगरपालिकाको परिकल्पनाका साथ आ-आफ्नो क्षमता अनुसार योगदान गर्न सकेमा यस्ता चुनौतीहरु समाधान हुनेछन्।

**अव म यस नगरपालिका क्षेत्र भित्र प्राप्त गरिएका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।**

मुख्य उपलब्धीः

- बिगत आ.ब. हरुमा न्युन रहेको आन्तरिक राजश्व संकलन आ.ब.०७७/७८ को लागि प्रक्षेपण गरिएको भन्दा बढि संकलन भएको ।
- स्थानीयवासीको सहभागितामा ७ किलो वाट क्षमताको तुषारे पधेरा पिको जलविद्युत आयोजना निर्माण भै सञ्चालनमा रहेको तथा समैचेखोला लघुजलबिद्युतको ठेक्का सम्झौता भइ निर्माण कार्य सम्पन्न भइ हस्तानतरण भइसकेको ।
- आन्तरिक आम्दानीको श्रोतको रुपमा नदिजन्य पदार्थको ठेक्का भइ राजश्व संकलन भएको ।
- नगरपालिकाको आन्तरिक सडक सञ्जाल सुधार हुदै गएको ।
- करिब १० कि.मी. सडकको नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न, १५ कि.मी. सडक ग्रावेल गरिएको ।
- आमा सुरक्षा कार्यक्रमलाइ निरन्तरता दिइएको ।
- भेरी कर्णाली दोभान तटबन्धन ठेक्का सम्झौता भइ निर्माण कार्य सम्पन्न भइसकेको ।
- प्राबिधिक धारको बिद्यालय सुर्य प्रकाश मा.वि.को शैक्षिक भवन निर्माणा सम्पन्न भई पठनपाठन शुरु भैसकेको ।
- पलैटे बजार क्षेत्र भित्र रहेको सडक कालोपत्रे भएको तथा बाबियाचौर बजार स्थित सडक कालो पत्रे गर्ने कार्य भैरहेको ।
- बाल स.का. र विद्यालय कर्मचारीहरुलाई पोशाक भत्ता वितरणलाइ निरन्तरता दिइएको ।
- नगरपालिकाका सम्पुर्ण वडाहरुमा सामुदायीक स्वास्थ्य ईकाइ भवन निर्माण कार्यको थालनी भइसकेको ।
- प्रत्येक वडाहरुमा वडा शिक्षा समिति गठन भइ सक्रिय रहेका ।
- प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा विद्युत जडान कार्य सम्पन्न भएको तथा ओपिडी भवन र पोष्टमार्टम भवन निर्माण सम्पन्न भइसकेको साथै १५ शैयाको अस्पताल निर्माणको लागि ठेक्का सम्झौता भइ कार्य अगाडि बढाइएको ।
- राजीधारा खानेपानी, गोगनपानी खानेपानी, ताउले सोलार लिफ्ट खानेपानी,, चनाली खानेपानी, हाँसेगाउँ फार्सेकाडा खानेपानी, राग सुन्दरपुर सोलार खानेपानी, जवदेन भक्तडी सोलार परियोजना, ठेक्का सम्झौता भइ निर्माण कार्य भईसकेको ।

- पञ्चपुरी मन्दिर, शिवधाम धार्मिक स्थल,महायोगि शिद्धबाबा प्रतिष्ठान तथाभेरी कर्णाली दोभानमा धार्मिक पूर्वाधार निर्माण कार्यहरु भइसकेको ।

**कार्यालय व्यवस्थापन तथा संस्थागत**

- सबै वडाहरुमा ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन प्रणाली अनलाइन सुरु भैसकेको ।
- सम्पुर्ण वडा कार्यालयहरुमा इन्टरनेट जडान भएको ।
- राजश्व सफ्टव्येर  तथा इन्टरनेट खरिद तथा जडान भएको ।
- नगरपालिका कार्यालय भवन ठेक्का सम्झौता भइ निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको ।
- जिन्सी तथा आर्थिक प्रशासन व्यवस्थापनको लागि सफ्टव्येर मार्फत कार्य सञ्चालन भइरहेको ।

**कार्यक्रम तर्फः**

- एकीकृत सम्पत्ति कर प्रणाली कार्यान्वयन सम्बन्धी अभिमुखिकरण र कार्यशाला गोष्ठि सञ्चालन भइ  एकिकृत सम्पत्ति कर प्रणाली लागु भएको ।
- भु-उपयोग रणनीति तयार भई भू-नक्शाङ्कन कार्य सुरु भइसकेको  ।
- पर्यटन विकास योजना तयार भई कार्यान्वयनको चरणमा रहेको ।
- व्यक्तिगत घटना दर्ता घुम्ति शिविर सञ्चालन गरिएको ।
- गरिवि निवारणको लागि लघुउद्यम विकास कार्यक्रम मार्फत  सिलाइ-कटाई र  फलफुल खेती तालिम सञ्चालन गरिएको ।

**सभाध्यक्ष महोदय,**

नगरवासीहरुको आवश्यकता, प्राथमिकता र अधिकारलाई समुचित रुपमा विकास गर्न सकिएमा नगरपालिका नगरवासीहरु प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन् गर्दै **“कृषि, पशुपालन, स्वास्थ्य तथा स्वरोजगार : सुदृढ जनस्वास्थ्य सहितको समृद्धि पञ्चपुरीको आधार”** भन्ने परिकल्पनाको साथै म यस सभा समक्ष संक्षिप्त रुपमा चालु आ.ब २०७७/०७८ को समिक्षा र आगामी आ.व. ०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

यस चालु आ.व. ०७७/०७८ को असार १० सम्मः

आय तर्फ

गत बर्षको जिम्मेवारी सरेको रकमबाट रु. ४ करोड ९६ लाख २६ हजार १ सय ५३ रुपैया ९१ पैसा, आन्तरिक आय रु. ६१ लाख २१ हजार २ सय ४४ रुपैया ८७ पैसा, नेपाल सरकारको वित्तिय समानिकरण अनुदान रु. ११ करोड ४० लाख, सशर्त अनुदान रु. २७ करोड ५८ लाख २७ हजार, बिशेष अनुदान रु २ करोड २१ लाख, राजश्व बाडफाँड रु. ७ करोड ९३ लाख १३ हजार ४ सय ८४ रुपैया ५८ पैसा , घर जग्गा रजिष्ट्रेसन दस्तुर रु. १५ लाख २३ हजार ३ सय १० रुपैया ८० पैसा , प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान रु. १ करोड २ लाख ७२ हजार, प्रदेश सशर्त अनुदान रु १ करोड ६१ लाख ८८ हजार १ सय ३५ रुपैया, समपुरक अनुदान २५ लाख ६९ हजार ८ सय २८ रुपैया, राजश्व बाँडफाडबाट (सवारी साधन कर) ६ लाख २४ हजार २ सय ९१ रुपैया १७ पैसा, सामाजिक सुरक्षा तथा संरक्षण को रु ६ करोड ४४ लाख ११ हजार २ सय ४९ रुपैया, गरिबसँग विश्वेश्वरको रु ६० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु १८ लाख २० हजार ४ सय ३८ रुपैया, प्रकोष ब्यवस्थापन कोषको रु. ३ लाख ७३ हजार ३ सय ९८ रुपैया, कोरोना संक्रमण नियन्त्रण र उपचार कोषको रु. १ करोड ५६ हजार ७ सय ५१ रुपैया, मर्मत सम्भार कोषको रु १३ लाख १३ हजार २ सय २६ रुपैया, कर्मचारी कल्याण कोषको रु. ७ लाख ९७ हजार ८ सय ८२ रुपैया, महिला तथा बालबालिका कोषको रु. २ लाख, स्थानिय बिकास कोषको रु. ९ लाख २७ हजार ८ सय २१ रुपैया, सडक बोर्डको रु. १७ लाख ५० हजार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु. ९२ लाख, बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको रु. १० लाख, विपद पीडीतको पुनस्थापना कार्यक्रम रु. ६६ लाख, औधोगिक ग्राम निर्माणको ३२ लाख ६२ हजार ४ सय ४ रुपैया, गरी जम्मा रु. ६७ करोड ९३ लाख १४ हजार २ सय ३६ रुपैया आम्दानी भएको छ ।

खर्च तर्फः

गत बर्षको जिम्मेवारी सरेको तथा आन्तरिक आयको रु. २ करोड १७ लाख ५५ हजार ३ सय ८४ रुपैया, नेपाल सरकार समानिकरण अनुदानको रु. ४ करोड ३९ लाख १२ हजार ८ सय २४ रुपैया, संघीय सरकार सशर्त अनुदान को कुल खर्च १८ करोड ६९ लाख ७२ हजार ३ सय १० रुपैया, नेपाल सरकार बिशेष अनुदान रु. १ करोड ६ लाख ८६ हजार ७ सय ९२ रुपैया, नेपाल

सरकारको राजश्व बाँडफाडको रु. ५ करोड ८१ लाख ८१ हजार ४ सय ६४ रुपैया, प्रदेश सरकारको समानिकरण अनुदान रु. ६७ लाख ६९ हजार ७ सय ९५ रुपैया, प्रदेश सरकारको सशर्त अनुदानको रु. १ करोड ५० लाख ६८ हजार ३ सय ४ रुपैया, प्रदेश सरकार समपुरक अनुदानको रु. २५ लाख ६९ हजार ८ सय २८ रुपैया, सामाजिक सुरक्षा तथा संरक्षण को रु. ६ करोड ४४ लाख ११ हजार २ सय ४९ रुपैया, गरिबसँग विश्वेश्वरको रु. ६० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु. १८ लाख २० हजार ४ सय ३८ रुपैया, प्रकोष ब्यवस्थापन कोषको १० हजार, कोरोना संक्रमण नियन्त्रण र उपचार कोषको रु. ५५ लाख ४० हजार २ सय ७५ रुपैया, मर्मत सम्भार कोषको रु. १० लाख १९ हजार ५ सय ७९ रुपैया, सडक बोर्डको रु. १७ लाख ५० हजार, बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको रु. १० लाख, औधोगिक ग्राम निर्माणको ३२ लाख ६२ हजार ४ सय ४ रुपैया, गरी जम्मा ४२ करोड ४७ लाख ९० हजार ६ सय ४६ रुपैया मात्र खर्च भएको छ ।

**सभाध्यक्ष महोदय,**

आगामी बर्ष २०७८/०७९ को लागि संक्षिप्त बजेट यस प्रकार प्रस्तुत गरेको छु ।

आय तर्फः

अ.ल्या भई आउने रु. २ करोड १५ लाख, आन्तरिक आयबाट रु. १ करोड १ लाख ११ हजार १ सय ११ रुपैया, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रु. ११ करोड ८५ लाख, सशर्त अनुदान रु. २६ करोड ७ लाख, राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. १० करोड २३ लाख ७३ हजार रुपैया, बिशेष अनुदान २ करोड ९१ लाख, घर जग्गा रजिष्ट्रेसन दस्तुर (मालपोत सुर्खेत) रु. २० लाख, कर्णाली प्रदेश सरकारबाट समानिकरण अनुदान रु १ करोड २६ लाख ९३ हजार, पर्देश सशर्त अनुदान २ करोड २८ लाख , प्रदेश विशेष अनुदान रु. ३५ लाख, प्रदेश समपुरक अनुदान १ करोड ५० लाख, प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर रु. ७ लाख ६९ हजार ८ सय २९ रुपैया, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशबाट बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको रु. ४० लाख ५९ हजार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन रकम रु. ९ लाख ५० हजार , सामाजिक विकास मन्त्रालयबाट प्राप्त कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोशेली कार्यक्रम मा रु. १२ लाख ९६ हजार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट अन्य सार्वजनिक निर्माणमा प्रात रु ३७ लाख,

सामाजिक सुरक्षा भत्ता रु. ९ करोड ३६ लाख ७८ हजार रुपैया, सडक वोर्डबाट रु. ३० लाख , विपद व्यवस्थापन कोष अ.ल्या. ३ लाख ६३ हजार ९ सय ९८ रुपैया, कर्मचारी कल्याण कोषबाट अ.ल्या. ७ लाख ९७ हजार ८ सय ८२ रुपैया, महिला तथा बालबालिका कोषबाट अ.ल्या. रु २ लाख, स्थानिय विकास कोष अ.ल्या. रु ९ लाख २७ हजार ८ सय २१ रुपैया गरी जम्मा रु ७० करोड ८० लाख १९ हजार ६ सय ४१ रुपैया को बजेट अनुमान गरेको छु ।

व्यय तर्फः

आ.ब. २०७७/०७८ मा सम्झौता हुन बाँकि योजनाको लागि रु १ करोड २९ लाख २१ हजार, क्रमागत हुन सक्ने योजनाहरुको भुक्तानी बाँकिको लागि रु.३ करोड, समपुरक कोषको लागि रु. २ करोड ५० लाख, लागत साझेदारीको लागि १ करोड ५० लाख, नगरपालिका भवन निर्माणको लागि २ करोड ५० लाख, विपद कोषको लागि रु. २३ लाख ६३ हजार ९ सय ५८ रुपैया, कोरोना कोषको लागि रु. ५० लाख, स्वास्थ्य क्षेत्रको लागि रु. १ करोड ३४ लाख १२ हजार, शिक्षा क्षेत्रको लागि रु. १ करोड ४८ लाख, बिभिन्न दिवसीय कार्यक्रमहरुको लागि रु. ४ लाख, मेयर कप खेलकुदको लागि रु. १० लाख, चालु तथा प्रशासनिक खर्च तर्फ रु. ८ करोड ८० लाख, फर्निचर तथा फिक्चर्स वडा कार्यालय तथा नगरपालिका भवन ब्यवस्थापनको लागि रु. ६५ लाख, मेशिनरी तथा औजार रु. ३० लाख, नेपाल सरकारको सशर्त अनुदान तर्फ रु. २६ करोड ७ लाख, नेपाल सरकार विशेष अनुदानको लागि रु. २ करोड ९१ लाख, पर्देश सशर्त अनुदान रु. २ करोड २८ लाख , प्रदेश विशेष अनुदान रु. ३५ लाख, बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको रु. ४० लाख ५९ हजार, सामाजिक विकास मन्त्रालयबाट प्रात स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनमा रु. ९ लाख ५० हजार , सामाजिक विकास मन्त्रालयबाट प्राप्त कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोशेली कार्यक्रम मा रु. १२ लाख ९६ हजार, पञ्चपुरीमाई मन्दिर पर्यटकीय पूर्वाधार निर्माणमा रु. २५ लाख, शितलगुफा पर्यटकीय पूरवाधार निर्माणमा रु. १२ लाख, सडक बोर्ड तर्फ रु. ३० लाख, कर्मचारी कल्याण कोषको लागि रु. ७ लाख ९७ हजार ८ सय ८२ रुपैया, महिला तथा बालबालिका कोषको लागि रु. २ लाख, स्थानीय बिकास कोषको लागि रु ९ लाख २७ हजार ८ सय २१ रुपैया, सामाजिक सुरक्षा वितरणका लागि रु. ९ करोड ३६ लाख ७८ हजार रुपैया, बाँकी सम्पुर्ण नगरस्तरीय र वडास्तरिय योजना तथा कार्यक्रम संचालनको लागि रु. ४ करोड ९ लाख १३ हजार ९ सय ८० रुपैया गरी जम्मा रु ७० करोड ८० लाख १९ हजार ६ सय ४१ रुपैया को खर्च अनुमान पेश गरेको छु ।**अन्तमा**, नवौं

नगरसभाको शुभारम्भ कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने तथा नगरपालिकाको विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरुबाट गहन मार्ग दर्शन एवम् रचनात्मक सुझाव प्राप्त हुनेछन् । उक्त मार्ग दर्शन एवम् सुझावहरुलाई मनन गरी नगरको समग्र विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बजेट, नीति तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु । साथै नगरको समग्र विकास अभियानमा संवेदनशिल भै सहयोग गर्नु हुने राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, संघ संस्था, उद्योग बाणिज्य संघ, समाजसेवी, बुद्धिजिवी, शिक्षक, नागरिक समाज, सञ्चारकर्मी लगायत समग्र नगरबासी दाजु भाई दिदी बहिनीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद!

मुक्ति देवी रेग्मी (पुरी)

(उप प्रमुख)

मितिः-२०७८/०३/१०गते बिहीबार